# गोकुलगंगा गाउँपालिका, रामेछापको आगामी आ.व. २०८१/०८२ को अध्यक्षबाट प्रस्तुत बार्षिक नीति तथा कार्यक्रम

मितिः २०८१ साल असार १० गते सोमबार

प्रस्तुतकर्ताः- काजी बहादुर खड्का (दिनेश)

गाउँपालिका अध्यक्ष

## गोकुलगंगा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रस्नालु, रामेछाप

# गोकुलगंगा गाउँपालिका, रामेछापको आगामी आ.व. २०८१/०८२को अध्यक्षबाट प्रस्तुतबार्षिक नीति तथा कार्यक्रमः

संवोधन-

गोकुलगंगा गाउँपालिकाका उपाध्यक्षज्यू,

गाउँसभाका सचिव तथा प्रमुख प्रशासकीय अधिकृतज्यू,

वडा अध्यक्ष, कार्यपालिका सदस्य एवम् गाउँसभाका सम्पूर्ण सदस्यहरु,

कार्यालयका विभिन्न शाखाका शाखा प्रमुख तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु,

गोकुलगंगा गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षक ज्यूहरु,

विभिन्न कार्यालयका प्रमुखज्यूहरु एवम् गैर सरकारी संघ संस्थाका प्रतिनिधीज्यूहरु,

सञ्चारकर्मी एवम् सुरक्षाकर्मी मित्रहरु,

विभिन्न संचार माध्यम एफ.एम. रेडियो र सामाजिक संजालमा जोडिई अत्यन्त चासोका साथ यस गोकुलगंगा गाउँपालिकाको आगामि आ.ब.२०८१/०८२ को बार्षिक नीति, कार्यक्रम तथा बजेटलाई देश, विदेश र आ-आफ्नो घरबाट सुनिरहनु र हेरी रहनु भएका सम्पूर्ण आमाबुवा, दाजु भाई तथा दिदी बहिनीहरु ।

- नेपालको संविधानबमोजिम दोस्रो पटक भएको स्थानीय तहको निर्वाचनबाट हामी दोस्रो कार्यकालका लागि निर्वाचित भएको दोस्रो वर्ष पूरा भइ तेस्रो वर्षमा काम गर्दैछौ । निर्वाचनको बेला घोषणा-पत्र मार्फत जनतालाई दिएको बचन एक एक गरी पूरा गर्ने क्रममा छौ" । शिक्षा, स्वास्थ्य, पर्यटन, खानेपानी, भौतिक पूर्वाधार, पर्यटन, कृषिभाषा धर्म तथा संस्कृती र सुशासन हाम्रा प्राथमिकताका विषयहरू हुन् । हामी जनप्रतिनिधिहरूले आफ्नो क्षमताले भ्याएसम्म संविधान र प्रचलित कानुनको परिधिभित्र रहेर जनताको सेवा गर्दैछौ ।

- संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोश्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित अध्यक्षको हैसियतले गोकुलगंगा गाउँपालिकाको गाउँसभाको १५ औं अधिबेशनको बैठकलाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु । यस सुखद अवसरमा सर्वप्रथम म राष्ट्रको गौरब, एकता र अखण्डताका लागि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा समग्र मुलुकको शान्ति, उन्नती र प्रगतिका लागि देशमा भएका क्रान्ति, सशस्त्र आन्दोलन तथा जनआन्दोलनहरुमा अमूल्य जीवन अर्पण गर्नु हुने ज्ञात अज्ञात महान् सहिदहरुमा भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै मुलुकमा राजनीतिक परीवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नु हुने श्रद्धेय नेताहरु सहित सम्पूर्ण नेपाली जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

## यस गोकुलगंगा गाउँपालिकाको विकास तथा समृद्धीको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरू:**

**हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः**

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. यस गाउँपालिका प्राकृतिक तथा सांस्कृतिक रुपमा विविधतायुक्त भएकाले पर्यापर्यटन तथा विकासका दृष्टिकोणबाट सम्भावनायुक्त रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिका उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।
७. घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. संघ र प्रदेश सरकारबाट तोकिएको सिलिङ्ग अनुसार बजेट प्राप्त नहुनु ।
३. दरवन्दि अनुसारको दक्ष जनशक्ति पर्याप्त नहुनु ।
४. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
५. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
६. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
७. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
८. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
९. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
१०. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विनागरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
११. भिरालो ठाउँ बाढी पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
१२. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
१३. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१४. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
१५. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।

१६. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु

**अब म चालु आ.व. २०८०/०८१ को हालसम्म भएका मुख्य मुख्य उपलब्धीहरु संक्षेपमा प्रस्तुत गर्दछु ।**

- नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संघीय शासन प्रणाली बमोजिम तीन तहका सरकार गठन भई विकास, संमृद्धि र सुशासन मार्फत दिगो शान्तीको मार्गमा मुलुक अघि बढी रहेको छ । जनतालाई स्थानीय स्तरवाटै सेवा प्रवाह गर्दै उनीहरुको हक अधिकारको सुरक्षा गर्न, शासन प्रणालीमा अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्दै, विकासका बहुआयामिक पक्षहरूमा स्थानीय जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी जनतालाई सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नका लागि स्थानीय तहको परिकल्पनाको लागि सुखी र खुसी समृद्धगोकुलगंगा गाउँपालिका बनाउने प्रयास गरिएको छ ।
- गोकुलगंगा गाउँपालिका समाजवाद उन्मुख आर्थिक सामाजिक विकास, सुशासन र सामाजिक न्यायसहितको समतामूलक **समृद्ध नेपाल र सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा पूरा गर्नर नेपाल सरकारले हाल सार्वजनिक गरेको **१६ औं आवधिक योजना** र **दिगो विकासका लक्ष्य**हरुको कार्यान्वयनका लागि दृढ सङ्कल्पका साथ काम गरिहेको छ ।

- हामी निर्वाचित भए पश्चात हामीले लिएका नीति र योजनाको परिणामस्वरुप सवै क्षेत्रमा सकारात्मक परिवर्तन आए संगै कार्यालयमा हुने अनावश्यक फजुल खर्चहरु नियन्त्रण, भ्रष्टाचारमा सून्य सहनशिलता, दक्ष जनशक्ती र सेवाग्राहीमैत्री कार्यालय व्यवस्थापन गरी संस्थागत तथा संगठनात्मक सुधार तर्फ गाउँपालिका कार्यलय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा विद्युतीय ई हाजिरिको पुर्णरुमा प्रयोग गर्दै सुशासन, सेवा प्रबाह, आर्थिक नियन्त्रण र वित्तीय जोखिम न्यूनीकरणको प्रयास भएको छ । आम गोकुलगंगा गाउँबासीहरुको आर्थिक उन्नती, समुन्नती र सुविधालाई केन्द्रविन्दुमा राखी सेवा प्रवाह र विकास निर्माणका कार्यहरु जनताप्रति आशा र भरोसा जगाउने गरी कार्यक्रमहरु संचालन गरिएको छ ।
- उत्पादन र उत्पादकत्व बृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार, सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई गति दिन र सेवा प्रवाहमा सारभूत र आमजनताले अनुभुति गर्नसक्ने सुधार गर्न स्थानीय सरकार स्पष्ट कार्ययोजनाका साथ अघि बढेको छ ।
- पूर्वाधार विकास आयोजना अन्तर्गत धार्मिक पर्यटनको ठुलो सम्भावना बोकेको पाँचपोखरी, जट्टापोखरी जाने गर्जाङ, कोस्याङखर्क सडक संघीय सरकारको समपुरक अनुदानमा ट्र्याक खोल्ने र सडकको स्तरोन्नती गर्ने काम तीब्र गतिमा अगाडी बढिरहेको छ ।
- स्थानीय भएको सीप, पुजीं र प्रविधिलाई प्रोत्साहन गर्न तथा रोजगरी अभिबृद्धी गर्नका लागि यस वर्ष गाउँपालिका तथा मातहतका वडाहरुबाट उपभोत्ता समिति मार्फत (प्रधानमन्त्री रोजगार कार्यक्रम बाहेक) जम्मा **२०८ वटा** योजनाहरु सम्झौता गरी **१७१ वटा** योजनाहरु सम्पन्न गरीसकिएको र बाँकी योजनाहरु कार्यान्वयनको अन्तिम चरणामा रहेका छन । साथै ठेक्का मार्फत **९ वटा** योजना सम्झौता गरिएकोमा ४ वटा सम्पन्न भएको र **५ वटा**को निर्माण कार्यहरु भईरहेका छन ।

- **स्वच्छ खानेपानी गुणस्तरीय जिन्दगानी** भनेझै यस गाउँपालिकाले स्वच्छ खानेपानीको पहुँच शतप्रतिशत घरपरिवारमा पुऱ्याउने लक्ष्यका साथ हरेक वर्ष **एक घर एक धारा** कार्यक्रम संचालन गरी यस वर्ष ४१६वटा धाराहरु निर्माण गरिएको छ । साथै गार्खा वेलफेयर ट्रष्ट मार्फत रस्नालु र नामाडीमा गरी जम्मा ८१ वटा धाराहरु निर्माण भएका छन् ।

- यस वर्ष भौतिक प्रगति तर्फ ११ कि.मि. सडक स्तरोन्नती, ८.३ कि.मि. सडक नयाँ कटिङ, ११.६७ कि.मि. सडक सोलिङ्ग, ३ वटा भवन निर्माण र संरक्षण, ९४६ मिटर सिंचाई कुलो व्यबस्थापन, ६ वटा मठ मन्दिर तथा स्तुपा मर्मत, निर्माण र संरक्षण र ९ वटा आर.सि.सि. पुल तथा कल्भर्ट निर्माण, आर.सि.सि. सडक २७ मिटर निर्माण, पाइप लाईन सिंचाई कुलो १.१२ कि.मि. निर्माण, सडक पक्की नाली २.५ कि.मि., सिचाई कुलो आर.सि.सि. ४२३ मिटर निर्माण, कजवे ५ वटा निर्माण, ईन्टेक २७ वटा निर्माण, रिजरवेयर ट्याङकी २४ वटा निर्माण भएको छ भने हाल सम्म समग्रमा ९५ प्रतिशत भौतिक र ८१ प्रतिशत वित्तिय प्रगति भएको छ। यसरी हेर्दा पूंजीगत खर्च रकम कम देखिएता पनि स्वीकृत आयोजना र कार्यक्रमहरु करिव ९५ प्रतिशत कार्य सम्पन्न भई भुक्तानीको लागि पेश भइसकेको हुँदा यस आर्थिक वर्षको अन्त्य सम्ममा ९५ प्रतिशत भन्दा बढी भौतिक तथा वित्तिय प्रगती हुने देखिन्छ ।

- स्थानीय जनताको जिउँ, धन तथा सम्पत्तिको संरक्षण गर्नु स्थानीय सरकारको दायित्व र कर्तब्य दुबै हुने भएकाले यस वर्ष विपद् ब्यवस्थापन तर्फ विभिन्न सडकहरुखोलाखर्क पहिरो नियन्त्रण,बदेलबारी जौ बारी सडक सरसफाई पलाती देखि भुजिडाँडा हुँदै कालो चौतारा सडक सफाइ लगायत अन्य थुप्रै सडकहरुको सरसफाई तथा पहिरो नियन्त्रणका कार्यहरु सम्पन्न गरिएको छ ।

- स्वस्थ जनता समृद्ध गाउँपालिका भन्ने मुल नाराका साथ स्वास्थ्य सेवा अन्तर्गत सुत्केरी महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा, दिर्घ रोगीहरुलाई मासिक स्वास्थ्य परीक्षण कार्यक्रम, दिर्घ रोग अन्तर्गत मृगौला, क्यान्सर, मेरुदण्ड पक्षघातका रोगीहरुका लागि मासिक ५ हजारका दरले उपचार खर्चको ब्यवस्थापन गरिएको, विपन्न नागरिकलाई औषधोपचारका लागि केहि सहुलियत सुविधा दिईएको तथा सिफारिस गरिएको, बृहत निशुल्क स्वास्थ्य शिविर संचालन गरिएको, बालबालिकाहरुलाई समयमा पाउने सम्पुर्ण नियमित खोप पुरा गरी वडा लगायत गाउँपालिकालाई पूर्ण खोप सुनिश्चतता प्रमाणिकरण घोषणा गरिएको छ ।

- धार्मिक तथा सास्कृतिक विकासका क्षेत्रमा भिमसेनथान मन्दिर, बोहोरी गंगा मन्दिर,बेताली महाङ्काल देवी मन्दिर लगायतका अन्य मन्दिरहरु मर्मत गर्ने तथा ताँमे डाँडालाई धार्मिक पर्यटन र खेलकुद पर्यटनका रुपमा विकास गर्न गुरुयोजना बनाई चाँई मन्दिर निर्माणको काम भईरहेको छ ।

- ठोसे टगम सिंगटी सडक स्तरोन्नती गर्ने लगायत बेताली, बन्चरे, नामाडी फेदी, फर्पु हुदै खिम्ती सम्मको सडकको ट्र्याक खोल्ने र सडकको स्तरोन्नती गर्ने काम तीब्र गतिमा अगाडी बढिरहेको छ ।

- प्रारम्भिक सिकाईलाई अझ मजबुत बनाउने लक्ष्यका साथ सबै सामुदायिक विद्यालयमा थप के.जी. कक्षा सहित शिक्षक र निशुल्क पाठ्यपुस्तकको व्यवस्थापन गरिएको, शैक्षिक क्रियाकलापमा एकरुपता ल्याई अपेक्षित उपलब्धि हाँसिल गर्न शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गरीएको, स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने मुल नाराका साथ राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता संचालन गरिएको, सुशासनका लागि सामुदायिक विद्यालयहरुमा विद्युतीय हाजिरी प्रयोग गरिएको, सिकाई उपलब्धिको आधारमा विद्यालयहरुलाई प्रोत्साहनको लागि सबै विद्यालयका प्रधानाध्यापकहरुसँग कार्य सम्पादनमा आधारित करार सम्झौता गरिएको, **विद्युतीय प्रणाली IEMIS** मा अझ ब्यवस्थित रुपमा डाटा अध्यवधिक गर्नेशिक्षकका लागि **ICT** र विद्यालय ब्यवस्थापन समितिका पदाधिकारिहरुको लागि क्षमता विकास तालिम संचालन गरिएको छ ।

- कृषि पर्यटनको समेत ठुलो सम्भावना बोकेको यस गोकुलगंग गाउँपालिकालाई कृषि जन्य बस्तुको उत्पादनको हबको रुपमा विकास गर्ने लक्ष्यका साथ हरेक वडामा उत्पादनका आधारमा जडिबुटी, स्याउ, किवि, आलु कागती, किवी, खुर्पानि, ओखर, बेसार, लसुन, प्याज, अदुवा, रैथाने बाली लगायतका खेतीको पकेट विस्तारको काम अगाडी बढिरहेको छ । साथै मौसमी तथा बेमौसमी तरकारी खेती प्रवर्द्धनका लागि प्लाष्टिक टनेल वितरण गरिएको, किवी तथा आलुखेती प्रवर्द्धन अन्तर्गत कोल्ड स्टोर निर्माण तथारष्टिक हाउस निर्माण तथा क्षेत्र विस्तार गर्ने जस्ता कार्य गरिएको छ ।

- रेन्बो ट्राउट माछापालन र चौरीपालन ब्यवसायलाई प्रवर्द्धनका लागि कार्यक्रम संचालन गरिएको, बाखा, गाईबस्तु, बंगुर लगायतका घरपालुवा जनावरहरुमा पिपिआर, खोरेत, लम्पिस्किन् जस्ता खोप कार्य्रक्रम संचालन गरिएको छ ।

- विगतका वर्ष देखी मुहान दर्ताको कार्य अपुरो रहेकोमा हाल यस वर्ष देखी जलश्रोत ऐन, २०७७ लाई पुर्ण रुपमा कार्यान्वयन गरी यस गाउँपालिका भित्र रहेका विभिन्न १४ वटा मुहानहरु दर्ता गरी खानेपानीको मुहानको संरक्षण र सम्वर्द्धन गर्ने कार्य गरीएको छ ।

- यस गाउँपालिकाले रोजगारी प्रवर्द्धनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २६ वटा योजना संचालन गरी १४६ जनालाई औसतमा प्रति जना बराबर ५१ दिनको रोजगार उपलब्ध गराई जिविकोपार्जनमा टेवा पुऱ्याईएको छ।

- आमाबाबु विहिन बालबालिकाहरुका लागि संरक्षण कार्यक्रम र अपाङगता भएका ब्यत्तिहरुका लागि सिप विकास तालिम संचालनमा रहेको छ ।

- हरेक नागरिकलाई उद्यमसील बनाई आय श्रोतमा उल्लेख्य बृद्धी गर्ने योजनाका साथ वडा नं. ३ रस्नालु र ५ नामाडीमा सीप विकास कार्यक्रम संचालन गरी यस वर्ष तरकारी खेती र सिलाई कटाई सम्बन्धि सिपमुलक तालिम मार्फत ४२ जना उद्यमहरु श्रृजना गरिएको छ ।

**गाउँसभाका उपाध्यक्षज्यू**

**गाउँसभा सदस्यज्यूहरु,**

**यस गरिमामय गाउँसभामा आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम पेश गर्दछु ।**

## **१.शुसासन तथा सस्थागत विकास तर्फको निति :**

१. सार्वजनिक सेवा प्रबाहलाई थप प्रभावकारी बनाउन गाउँपालिका कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र सामुदायिक बिद्यालयहरुमा विद्युतीय ई-हाजिरीको प्रयोगलाई पूर्णरुपमा आत्मसाथ गरि अनुगमन र मुल्यांकनको माध्यम द्वारा सु-ब्यबस्थित गरिदै लगिनेछ ।

२. सार्वजनिक खरिद प्रकृया थप पारदर्शी र व्यवस्थित गर्दै विद्युतीय खरिद प्रणालीलाई क्रमशः अनिवार्य बनाउदै लगिने छ । साथै वार्षिक खरिद गुरुयोजना बनाई लागु गरिनेछ ।

**३.** गरीब, विपन्न घर परिवारको पहिचान, लगत संकलन र स्तरिकरण गरी गाउँपालिकाबाट प्रदान गरिने घर नम्बर प्लेट टाँस गरी सेवा प्रवाह र अनुदानमा प्राथमिकता दिइने छ। साथै सबै घर परिवारको सबै व्यहोरा खुल्ने गरी लगत संकलन, विवरण अद्यावधिक र तथ्याङ्क व्यवस्थित गरी डिजिटल प्रोफायल तयार गरिनेछ ।

४. उपभोक्ता हितको संरक्षण गर्दै जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय मन्थली, उद्योग बाणिज्य संघ र स्थानीय प्रहरीसँगको समन्वय र सहकार्यमा बजार अनुगमनलाई थप प्रभावकारी बनाई मूल्य र गुणस्तरमा उपभोक्ता नठगिने वातावरण सुनिश्चित गरिनेछ ।

**५.** गाउँपालिका, वडाकार्यालयहरु, स्वास्थ्य संस्था तथा शिक्षण संस्थाहरुलाई समेत सूचना प्रविधि मैत्री बनाई सुशासनमैत्री कार्य संचालनको व्यवस्थाका साथै संचार तथा सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिबृद्धि गरिनेछ ।

६. अनलाइन सेवाको उपलब्धता वडा तहमा समेत हुने व्यवस्था क्रमश मिलाई व्यवस्थित गर्दै लगिनेछ।

७. गाउँपालिकाको कार्यालयमा एक विश्रामस्थल/प्रतिक्षालय सहितको **"गोकुलगंगा सूचना केन्द्र"** स्थापना गरी गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण कार्यहरु सम्बन्धी सूचना, अभिलेख, निर्मित ऐन, नियम कार्यविधीहरुका साथै विभिन्न ज्ञान विज्ञान सम्बन्धी पुस्तक र पत्र पत्रिकाहरुको व्यवस्था गरी गाउँपालिकाको सूचना प्राप्त गर्न र सेवा लिन आउने सेवाग्राही लगायतका व्यक्तिहरुलाई कार्यालयमा काम हुदै गर्दाका बखत क्षणिक विश्राम, ज्ञान आर्जन र सूचनाको व्यवस्था मिलाईनेछ ।

८. **आवधिक योजनालाई अध्यवधिक गरि अगामि पाँच वर्षका लागि आवधिक योजना निर्माण गरिनेछ ।**

९. सबै वडा कार्यालयहरुमा सेवा प्रवाहमा सहजताका लागि सहायक कम्प्यूटर अपरेटरको व्यवस्था गरिएकोले विद्युतीय माध्यमबाट राजश्व संकलन, अनलाइन व्यक्तिगत घटना दर्ता एवम् वडाका तथ्याङ्कहरुलाई अझ थप अद्यावधिक गर्दै लगिनेछ ।

१०. गाउँपालिका तथा वडा कार्यालयहरुमा समेत गुनासो सम्बोधनका लागि गुनासो सुन्ने अधिकारी तोकिएकोले मोबाईल गभर्नेन्सको व्यवस्थाका साथै "हेलो स्थानीय सरकार" अझ थप प्रभाबकारी रुपमा संचालनको व्यवस्था मिलाईनेछ ।

११. नागरिकहरुको विचमा दोहोरो सँवाद स्थापित गर्न र सेवाप्रवाह र विकास प्रक्रियालाई पारदर्शि बनाउन सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई र लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण कार्यक्रम सन्चालन गरिनेछ ।

१२. न्यायिक समितिको काम कारबाहीलाई छिटो, छरितो र कम खर्चिलो बनाउन आवश्यक कानूनी एवम् संरचनात्मक सुधार गरिनेछ ।

१३. भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीतिलाई कडाइका साथ कार्यान्वय गर्दै सबै खाले अनियमितता, भ्रष्टाचार, करछली, कृत्रिम अभाव, कालो वजारी, व्यवसायिक एकाधिकार लगायतका सुशासन विरोधी कृयाकलापमा जनताको गुनासोलाई तत्काल र प्रभावकारी रुपमा सुनुवाई गरी उचित दण्ड सजाय र कानूनी उपचार गरिनेछ।

१४. गोकुलगंगा गाउँपालिका भित्र संचालन भएका विभिन्न उद्योग व्यवसायहरुको गाउपालिकास्तरीय बजार अनुगमन समिति मार्फत समय समयमा अनुगमन गरी उपभोक्ताको हित संरक्षण, बजारमा हुने सबै खाले अनियमितता र कालो बजारी नियन्त्रण र नियमनका साथै प्रत्यक पसलहरुमा अनिबार्य रुपमा मूल्य सुची राखी सोही बमोजिम विक्रिवितरण गर्ने व्यबस्था मिलाईने छ ।

१५. होटल पसल गाडी वा अन्य सार्वजनिक स्थानमा जथाभावी रुपमा प्लास्टिकका झोला र मदिराजन्य पेय पदार्थका सिसाका खाली वोतलहरु राख्ने व्यक्ति र व्यवासयीहरुलाई नियन्त्रणमा लिई निजहरुबाट नै उक्त सामाग्रीहरु उठाई उचित स्थानमा व्यबस्थापन गर्न लगाई अटेर गर्ने विक्रेता डिलर वा उत्पादन गर्ने कम्पनीहरुलाई कानून बमोजिम कारवाही गरी बजार सफाईको पहलकदमी गरिने छ ।

१६. गाई भैसी पालनलाई प्रोत्साहान र दुधजन्य पदार्थको खपत र बजारीकरण गर्न **" रसायन जन्य चीसो पेय पदार्थ भगाउँ, दुध, दही र मोहीलाई प्राथमिकता दिउँ "** अभियान संचालन गरी यस गाउँपालिका भित्र चिसो पेय पदार्थको आयातमा क्रमश : निरुत्साहित गरिने छ ।

**गाउँसभाका उपाध्यक्षज्यू**
**गाउँसभा सदस्यज्यूहरु,**

## २.सामाजिक विकास सम्बन्धी निति :

### क. शिक्षा तथा खेलकुद सम्बन्धी नीति :

१. सिपयुक्त प्राविधिक जनशक्ति स्थानीय स्तरमा उत्पादन गर्न प्राविधिक उच्च शिक्षा अध्ययन गर्ने गाउँपालिकाका स्थानीय बासिन्दालाई छात्रवृत्ति सहित अध्ययनको व्यवस्था गरिनेछ ।

२. एक विद्यालय एक बालविकास केन्द्रको अवधारणलाई आवश्यकताको आधारमा निरन्तरता दिइनेछ । शिक्षा सुधारको
प्रयास बालविकास कक्षाबाट गरिनेछ । बालविकास कक्षाकोठाको सजावट आकर्षक र मनोरञ्जनत्मक बनाइने छ ।

३. माध्यमिक तहमा अध्ययनरत् विद्यार्थीहरुमा अनुशासन र स्वयंसेवी भावनाको विकास गर्न गाउँपालिकाको लगानीमा सातै वटा माध्यमिक विद्यालयमा स्काउट गठन गरिनेछ ।

४. प्रधानाध्यापकलाई विद्यालयको समग्र शिक्षण सिकाइ सुधार तथा व्यवस्थापनको लागि जिम्मेवार बनाई प्रोत्साहनमूलक भत्ताको व्यवस्था गरिनेछ ।

५. सामुदायिक विद्यालयको शिक्षालाई प्रभावकारी, गुणस्तर र समयसापेक्ष बनाउन प्रत्येक विद्यालयका प्रधानाध्यापकसँग गाउँपालिकाले कार्यसम्पादन करार सम्झौंता गर्ने र प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षहरुसँग कार्यसम्पादन करार सम्झौता गर्ने व्यवस्था मिलाईनेछ । कार्यसम्पादन करार सम्झौता भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गर्ने व्यवस्था गरिनेछ ।

६. गाउँपालिका भित्र संचालनमा रहेका आधारभूत विद्यालयहरुलाई विद्यालयको अवस्थिति, जनसंख्या वितरण, भौगोलिक अवस्था र सामाजिक न्याय हेरि नक्शांकनका आधारमा समायोजन तथा शिक्षक दरबन्दी मिलानलाई एकिकृत रुपमा व्यवस्थित गरिनेछ ।

७. गाउँपालिका भित्रका विद्यालयको भौतिक अवस्था, शैक्षिक अवस्था, सिकाइ वातावरण, सिकाई उपलब्धी स्तर, बालबालिकाको व्यावहारिक परिवर्तन, शिक्षकको कार्य सम्पादन स्तर, शैक्षिक नेतृत्व, पारदर्शि लेखा प्रणाली र स्रोत परिचालन लगायतका आधारमा मूल्याङ्कन गरी हरेक वर्ष "उत्कृष्ट वर्ष विद्यालयका रुपमा सम्मान तथा पुरस्कारको व्यवस्था मिलाइनेछ ।

८. विद्यालय तहमा स्थानीय तहको मौलिक कला, संस्कृति, भाषा, धर्म, प्रकृतिका स्रोत साधन तथा पर्यटकिय स्थालहरुको समावेश गरी स्थानीय पाठ्यक्रम १—८ निर्माण गर्ने कार्यलाई अगाडि बढाईनेछ ।

९. चालु आर्थिक वर्ष २०८०।०८१ मा शून्य दरबन्दी भएका माध्यमिक विद्यालय, विद्यार्थी संख्याको आधारमा दरबन्दी कम भएका आधारभूत तथा माध्यमिक विद्यालय र बाल विकास स्थापन गरी सहजकर्ताहरुका लागि दिएको शिक्षण सिकाई अनुदानलाई निरन्तरताका साथै आवश्यकता अनुसार अनुदान दरवन्दी थप वितरण गरिनेछ ।

१०. सामुदायिक विद्यालयका लागि आवश्यक फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, विज्ञान प्रयोगशाला, ICT ल्याव, भौतिक पूर्वाधर, खानेपानी, शौचालय आदिको व्यवस्था विद्यार्थी संख्याको आधारमा गरिनेछ ।

११. विश्वव्यापीकरणलाई ध्यानमा राखी शिक्षामा अंग्रेजी माध्यमलाई प्रोत्साहन दिन विद्यालयलाई थप पाठ्यपुस्तकको व्यवस्था गरिने छ ।

१२. विद्यालय र शिक्षकको माग र आवश्यकतालाई ध्यानमा राखी पाठ्यक्रम, परीक्षा र मूल्यांकन, शैक्षिक सूचना व्यवस्थापन प्रणाली, र अन्य सान्दर्भिक विषयमा शिक्षक तथा कर्मचारीको क्षमता विकास सम्बन्धि तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. गाउँपालिका भित्रको युवालाई स्वरोजगार बनाई जिविकोपार्जमा सहयोग पुऱ्याउनु र रोजगारका अवसर सिर्जना गर्न गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गरी सीप विकास तालिम संचालन गरिनेछ ।

१४. गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुको क्षमता अभिवृद्धि र पहिचान गर्न विद्यालयस्तरीय, वडास्तरीय र गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप र खेलकुद कार्यक्रम संचालन गरिनेछ । विद्यार्थी प्रतिभा पहिचान गरी उत्कृष्ट प्रतिभाहरुलाई प्रोत्साहन गरिनेछ ।

१५. गोकुलगंगा गाउँपालिकाद्धारा आयोजना गरिने राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

१६. गाउँपालिका बासीलाई शरीरिक र मानसिक रुपले स्वस्थ र तन्दुरुस्त राख्न गाउँपालिकामा र प्रत्येक वडामा व्यवस्थित खेलमैदानको निर्माण गरिनेछ ।

१७. युवाहरुलाई खेलकुद कार्यक्रम प्रति जागरुक गराउन गोकुलगंगा कप खेलकुद प्रतियोगिता कार्यक्रम संचालन गरिनेछ ।

१८. खेलकुदलाई राष्ट्रको पहिचान, गौरब र प्रतिष्ठा बनाउने माध्यमको रुपमा विकास गर्दै खेलकुद तथा मनोरञ्जनको लागि आवश्यक कार्यक्रम संचालनका साथै हाललाई पालिकास्तरमा र भविष्यमा सामुदायिक विद्यालयहरुमा खेल शिक्षकको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।

१९. कक्षा ५, ८ र ११ को अन्तीम परिक्षालाई गाउँपालिकाबाट स्तरीकृत परीक्षा लिई शैक्षिक गुणस्तर बृद्धि गरिनेछ ।

## ख. स्वास्थ्य सम्बन्धी नीति :

**१.** स्वास्थ्य संस्था मार्फत सबै वडामा आधारभुत स्वास्थ्य परीक्षण तथा उपचार सहितको स्वास्थ्य सेवा उपलब्ध गराई गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै अशक्त, असहाय र जेष्ठ नागरिकलाई घरदैलो मै आधारभुत स्वास्थ्य सेवा प्रदान गरिने छ ।स्वास्थ्य संस्थाको सेवा प्रवाहका आधारमा मूल्यांकन र नियमन गरिने छ ।

**२.** गोकुलगंगा अस्पताललाई अझ व्यवस्थित गरी प्राविधिक जनशक्ती, प्रयोगशालामा आवश्यक पर्ने उपकरण तथा सामाग्री, अक्सिजन सुविधा सहितको एम्बुलेन्स संचालनको व्यवस्था मिलाई सबै आधारभुत स्वास्थ्य सेवा प्रवाहको व्यवस्था मिलाईने छ ।

**३.** संक्रामक रोग विरुद्ध अभियान र नसर्ने रोगको उपचारका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।विगतमा भएको सम्झौता अनुसार नेपाल रेडक्रस सोसाईटी रामेछाप र भक्तपुर शाखासँगको सहकार्यमा गोकुलगंगा गाउँपालिका क्षेत्र भित्रका आम नागरिकहरुलाई विरामी हुँदा आपतकालिन अवस्थामा निशुल्क रगत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईने छ।

४. स्वस्थ जनता समृद्ध गाउँपालिकाको अवधारणालाई निरन्तरता दिईनेछ ।

**५.** आमा सुरक्षा कार्यक्रम अन्तर्गत वर्थिङ्ग सेन्टरमा सुत्केरी हुनेलाई प्रोत्साहन गरिनेछ । घरमा हुने प्रसुतिलाई शुन्यमा झार्न प्रसुति स्वास्थ्य सम्बन्धि अन्तरक्रिय कार्यक्रम संचालन गरिनेछ ।

६. आमा तथा बच्चाको स्वास्थ्यलाई मध्यनजर गर्दै सुत्केरीलाई निशुल्क एम्बुलेन्स सेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

## १९. महिला, बालबालिका लैङ्गिक समानता, सामाजिक सुरक्षातथा समावेशीकरण सम्बन्धी नीति

१. सरकारी, निजी क्षेत्र तथा गैर सरकारी संघ संस्थाहरुको साझेदारीमा अपाङ्गता भएका व्यक्ती, असहाय तथा एकल महिला, बालबालिका एवम् जेष्ठ नागरिकलाई लक्षित गरी जीवन उपयोगी सीप तथा क्षमता विकास तालिम एवम् विश्रामस्थल, पार्क तथा उद्यान निर्माणको उचित व्यवस्था मिलाईने छ ।

२. लैङ्गिक समानता र महिला सशक्तिकरणको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । नीति निर्माण तहदेखी आयोजना र कार्यक्रम छनौट तथा कार्यान्वयनसम्म महिलाहरुको अर्थपूर्ण सहभागिता र प्रतिनिधीत्वलाई सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिई शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण, जीविकोपार्जन सुधार, सामाजिक सुरक्षा, पूर्वधारमा पहूँच लगायतका विषयमा महिला लक्षित कार्यक्रम संचालन गरिने छ । लैंगिक समानता तथा सामाजिक परिक्षण कार्यक्रम सँचालन गरिनेछ ।

३. गरिब तथा विपन्न, दलित, आदिवासी जनजाती, एकल तथा अपाङ्गता भएका महिला, हिंसापिडित तथा वंचितिमा परेका सवै समुदायका महिला तथा किसोरीहरुको आय आर्जन क्षमता विकास र सशक्तिकरण गर्ने गरी आर्थिक तथा सामाजिक विकासका कार्यक्रमहरु संचालन गरिने छ ।

४. सबै खाले वाल श्रम शोषणको अन्त्य गरी अनाथ असहाय, टुहुरा, अपाङ्गता भएका र अशक्त, वेवारिसे, हिंसापिडित, आमाबाबु विहिन तथा सडक बालबालिकाको उद्धार, संरक्षण, पुनस्थापनाका कार्यक्रमहरु संचालनका साथै बालमैत्री पूर्वाधार निर्माण गर्दै लगिने छ ।

५. जेष्ठ नागरिकहरुको जीवन सुरक्षित, सम्मानित र व्यवस्थित बनाई उनीहरुको ज्ञान, सीप र अनुभवलाई सेवा प्रवाह र विकास निर्माण प्रकृयामा मार्गदर्शनको रुपमा लिदै जेष्ठ नागरिक सम्मान, घरदैलोमै स्वास्थ्य सेवा, विश्रामस्थाल तथा मिलन केन्द्र स्थापना र संचालनको व्यवस्था मिलाउदै लगिने छ ।

६. गाउँपालिकाको विद्यमान नीति तथा कानुनहरुको पुनरावलोकन गरी सुधारोन्मुख अभ्यासद्धारा लैङ्गिक तथा सामाजिक विभेद युक्त संरचनागत अवरोध हटाउने नीति लिईनेछ ।

७. संरक्षणकारी व्यवस्था र निरोधात्मक उपायहरु मार्फत लैङ्गिक विभेदमा आधारित हिंसा तथा दुव्र्यवहार विरुद्ध सचेतना अभिवृद्धि गरी न्यायमा पहुँच बढाईने नीति लिईनेछ ।

८. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मैत्री संयन्त्र निर्माण र न्यायोचित वितरण प्रणालीलाई संस्थागत गर्ने नीति लिईनेछ ।

९. उद्यमशिलता विकास गरी विपन्न तथा पछाडी पारिएका र वञ्चित व्यक्ति तथा समुदायको जिविकोपार्जनमा सुधार गर्ने नीति लिईनेछ ।

१०. विपन्न तथा पछाडी पारिएका र वञ्चित व्यक्ति तथा समुदायको नेतृत्व विकास क्षमता गर्ने नीति लिईनेछ ।

११. गाउँपालिकाले संचालन गर्ने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण दृष्टिकोणबाट संस्थागत गरी महिला र सिमान्तकृत समुहको अर्थपुर्ण सहभागितामा कार्यान्वयन गरी मुल प्रवाहीकरण गर्दै लगिने नीति लिईनेछ ।

१२. नेपालको संविधान लगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन द्धारा प्रदान गरिएको लैङ्गिक समानता र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न समुदाय तहमा क्षमता विकास र सचेतीकरणका अभियान संचालन गरिनेछ ।

**गाउँसभाका उपाध्यक्षज्यू**

**गाउँसभा सदस्यज्यूहरु,**

## ३.आर्थिक विकास सम्बन्धी नीति

### क. कृषि सम्बन्धी नीति

१. एक वडा एक कृषि उत्पादन कार्यक्रमको अवधारणालाई अगाडि वढाउन संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने नीति लिइनेछ ।

२. **कृषि क्षेत्रको वृद्धि गोकुलगंगाको समृद्धी** भन्ने नाराको साथ कृषिलाई आधुनिकिकरण,व्यवसायिकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

३. खेती योग्य जमिनलाई बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्न बाँझो रहेका जग्गामा आवस्यक उन्नत प्रविधि तथा विउ विजनको प्रयोग गरि व्यवसायिक खेती कार्यलाई प्रर्वद्धन गर्न विशेष प्रोत्साहन गरिनेछ ।

४. वाली विशेष प्राथमिकताको आधारमा एक वडा एक वाली विशेष पकेट कार्यक्रम सञ्चालन गरि भोकमरि न्यूनिकरणमा टेवा पुर्याईनेछ ।

५. खेती योग्य भूमिमा सिचाईको पहुँच पुर्याई उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ ।

६. उत्पादित कृषि उपजहरुको वजारिकरणको लागि स्थानीय हाट बजार सञ्चालनमा ल्याईनेछ ।

७. प्राकृतिक प्रकोप बाट हुने क्षति व्यवस्थापनको लागि वाली विपत व्यवस्थापन कोष खडा गरिनेछ।

८. **सूचनाको पहुँचमा किसानः सवैको सहभागिता हाम्रो अभियान** भन्ने मूल नाराका साथ कृषि सञ्जाल गठन, व्यवस्थापन,सञ्चालन तथा किसान सँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

९. पालिका स्तरमा माटो परिक्षण मिनि प्रयोगशाला स्थापना गरि सेवा सुविधा उपलब्ध गराईनेछ ।

१०.उत्पादन वृद्धि गरि गरिवि न्यूनिकरणमा टेवा दिन उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ

११. खाद्य सुरक्षा संघिय सरकारको विशेस सहयोग अन्तरगत आलुखेती विस्तार तथा किवीको व्यावसायीकरण आयोजना संचालन गरिनेछ।

१२.ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

## ख. पशु विकास सम्वन्धि नीति :

१.पशुपंक्षि व्यवसायको जोखिम न्यूनीकरण गरिनेछ।

२.व्यावसायिक घाँस खेतीलाई प्रोत्साहन गरिनेछ।

३.पशुपंक्षि क्षेत्रको उत्पादन र उत्पादकत्वमा बृद्दी  गर्न उत्प्रेरित गरिनेछ।

४.व्यावसायिक पशुपंक्षि फर्मको संख्या बढाउन उत्प्रेरित गरिनेछ।

५.कुकुरबाट हुने रेबिज रोगको जोखिमलाई न्यूनीकरण गरिनेछ।

६.दुग्ध पदार्थ उत्पादन र बजारिकरणमा प्रोत्साहन गरिनेछ।

७.पशुपंक्षिबाट उत्पादित बस्तुहरुको बजारीकरणमा सहयोग गरिनेछ।

८.पशुपालनमा संलग्न न्यून आय भएका कृषकहरुको सिप विकास तथा क्षमता अभिबृधि गराइनेछ।

९.गोकुलगंगा गाउपलिकामा न्युन आय भएका कृषकहरुको आम्दानीमा बृद्धि गरि गरिबी  न्यूनीकरण गरिनेछ।

१०. पशु पंक्षि जन्य उत्पादनलाई बजारको पहुँच सम्म विस्तार गर्न उत्पादनलाइ प्रशोधन तथ   बजारिकरण गर्ने कार्यमा सहकारि संस्थाहरु संग सहकार्य गरिनेछ।

## ग .सहकारी नीति :

१. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

२. सहकारी मूल्य मान्यता र सिद्धान्त अनुरुप सहकारी संस्थाहरुको स्थापना, विकास र सञ्चालनका लागि प्रर्वधनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. प्रत्येक वडामा एउटा नमुना सहकारीको स्थापना र संचालन गर्ने नीति लिइनेछ । हरेक गाउँमा उद्यम कृषि सहकारी संस्थाहरु स्थापनामा जोड दिईनेछ ।

४. स्थानीय सहकारीहरुलाई विधि सम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकिकृत तथ्याङ निमार्ण र अद्यावधिक गरिनेछ ।

५. सहकारी संस्थाहरुको क्षमता विकास गरी गाउँपालिकाको समग्र विकास प्रकृयामा सहकारी संस्थाहरुलाई महत्वपूर्ण हिस्सेदारको रुपमा स्थापित गराउने नीति लिइनेछ ।

६. दलित, सिमान्तकृत, अल्पसंख्यक तथा सर्वसाधारण गाउँपालिकाबासी नागरिकहरु माझ सहकारीको पहुँच विस्तारमा सहकारी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

७. सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।

८. अनौपचारिक क्षेत्रमा संलग्न महिला, दैनिक ज्यालादारीमा कार्य गर्ने मजदूरहरुलाई सहकारीमा आबद्ध गराउने नीति लिइनेछ ।

९. सहकारीलाई उत्पादन र सेवा क्षेत्रमा लाग्न उत्प्ररित गर्ने नीति अवलम्बन गरिनेछ ।

## घ. उद्योग श्रमतथा रोजगारी सम्वन्धी नीति तथा कार्यक्रम

१. आन्तरीक उत्पादन बृद्धी तथा औद्योगिकरणका लागि गुणस्तरिय पूर्वाधार निर्माण, लगानि पर्वद्धन, व्यवसायिक वतावरण निर्माण एंव सहजिकरण गर्न नीतिगत कानूनि र प्रणालिगत सुधार गरिनेछ।

२. परम्परागत ज्ञान र सीपलाई उद्यमशिलतामा रुपान्तरण गर्नेगरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. उद्योगी, व्यवसायी तथा स्थानीय समुदायसँगको सहकार्यमा विभिन्न अवसरमा स्थानीय उत्पादनको व्यापार प्रर्वद्धन मेला तथा हाटबजार आयोजना गरिनेछ ।

४. स्थानीय उत्पादनलाई बढोत्तरी गर्न र रोजगारी सृजनाका लागि औद्यागिक ग्राम क्षेत्रमा पूर्वाधार विकास लाइ निरन्तरता दिइनेछ।

५. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी वडा कार्यालयबाट नै गर्न सरलीकरण र प्रभावकारी बनाइनेछ ।

६. औद्योगिक क्षेत्रमा लगानी गर्न श्रमिक, किसान, असाहाय व्यक्ति, गरीब तथा विपन्न वर्गका परिवारलाई प्राथमिकता दिइनेछ।

७. स्वरोजगार तथा आत्मनिर्भर हुने गरी कृषि, पशुपालन, उद्योग व्यवसायको व्यावसायीकरणमा विशेष प्राथमिकता दिइनेछ।

८. कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई अभियानको रुपमा विस्तार गरिनेछ ।

९. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यम प्रर्वद्धन गर्न सीपमूलक तालिम व्यवस्था गरी उत्पादित वस्तुको वजारीकरणको सुनिश्चितता गरिनेछ ।

१०. स्थानीय वस्तुको उपभोग र उत्पादनमा जोड दिई कृषिजन्य वस्तुको प्रशोधनमा केन्द्रित उद्योग स्थापना गरिनेछ ।

११. रोजगार उपलब्ध गराउने र स्थानीय उद्योगलाई करछुट, अनुदान तथा सहुलियत ऋणको लागि सहजिकरण गरिनेछ।

१२. अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग व्यवसायहरुमा तोकिएको करमा ५० प्रतिशत छुट दिईनेछ ।

१३. नागरिकको आवस्यकताका आधारमा सिप मुलक, स्वरोजगारी उन्मुख तालिम संञ्चालन गरिनेछ सोको आधारमा गाउँपालिका स्तरीय एकीकृत सिप विकास प्रतिष्ठान संञ्चालनको आवस्यक अध्यायन गरिनेछ ।

१४. उद्यमशिलता विकास गर्न उद्यम विकास कोषको स्थापना गर्न पहल गरिनेछ गाउँपालिका क्षेत्र भित्रका उद्यमी हरुले उत्पादन गरेका सामग्री हरुको विक्री बितरणको लागी बजार व्यवस्था पनमा जोड दिइने छ। उद्यमशिलता तथा सिप विकास को माध्यमवाट महिला आर्थिक सशक्तिकरण को कार्यक्रम लाइ प्रर्वद्धन गरिनेछ

१५. पालिकामा रहेको बेरोजगारको तथ्यांक संकलन गरी अभिलेख व्यवस्थापन गरिनेछ र श्रममा आधारित काममा परिचालन गरिनेछ ।

१६. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण संकलनका लागि रोजगार सूचना केन्द्रको स्तरोन्नति गरिनेछ ।

१७. रोजगार सूचना केन्द्रमा निर्माण सेवा व्यावसाय, उद्योग, कृषि लगायत क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

१८. स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थमा आधारित साना उद्यमको विकास गर्न लगानिमैत्रि वातावरणको सुनिश्चितता गरिनेछ।

१९. **श्रमको सम्मान राष्ट्रिय स्वाभिमान** अभियानलाई पालिकाभर विस्तार गरी समाजमा काम प्रति सकारात्मक धारणा विकास गर्दै यूवाहरुलाई रोजगारी संगसंगै दिगो सिपमुलक र उद्यमशिलता संग सम्बन्धित आयोजनाहरु लाई प्रर्थामिकता दिईनेछ।

२०. बैदेशिक रोजगारमा जान चाहनेहरुको लागि श्रम स्वीकृति तथा नविकरण गाउँपालिकालिका बाटनै प्रदान गर्न सहजिकरण गरिनेछ।

२१. नेपाल सरकारको श्रम तथा रोजगार बैकको अबधारणा कार्यन्यन गर्नको लागी श्रम रोजगार बैङ्क संचालन, कार्यविधि तयार गरी कार्यन्वयन गरिने छ।

२२. श्रम तथा रोजगार रणनिति तयार गरि कार्यान्वयन गरिने छ।

२३. रोजगारीका लागी पटक-पटक विदेश पलायन हुनुपर्ने बाध्यतालाई कम गर्न, भौगलिक क्षेत्रभित्रका बैदेशिक रोजगारसँग सम्बवन्धित तथ्याङ्क संकलन गर्न, बैदेशिक रोजगारिमा जान चाहने ब्यात्तिहरुलाई आवश्यक सूचना तथा परामर्श सेवा प्रवाह गर्न, वैदेशिक रोजगारिका कारण समस्यामा परेका आप्रवासि कामदार र परिवारहरुको न्यायमा सहि पहुँच बढाउन सामाजिक पुन: एकिकरण संग सम्बन्धित कार्यक्रम संचालन गरि स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना हुने किसिमका योजना, कार्यक्रम तयार गर्नुका साथै कार्यक्रम कार्यन्वयनको लागी **सुरक्षित नागरिक आप्रवसन सम्बन्धि कार्यविधि** तयार गरि लागु गरिने छ।

२४. उधोग संचालन तथा कृषि फर्म संचालनमा गाउँपालिकाले जमिन व्यवस्थापन गरिदिने सर्तमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न गोकुलगंगामा जाऔं उत्पादन बढाऔं भन्ने लगानी सम्मेलन गरी अन्य लगानीलाई आह्वान गरिनेछ ।

२५. बैदेशिक रोजगारीमा जान चाहने जनशक्तिलाई क्षमता अनुसार आवश्यक अभिमुखीकरण र जनचेतनामूलक

कार्यक्रम गराएर मात्र विदेश तर्फ जाने वातावरण सिर्जना गरिनेछ ।

## ङ. उद्यमशीलता प्रर्वद्धन सम्बन्धी नीति

१. गोकुलगंगा गाउँपालिका भित्र विभिन्न उद्यम गरिरहेका उधमीहरुको सिप उपयोग तथा विकासका लागी प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२. लघु उद्यम विकास कार्यक्रमको मोडलमा प्रत्येक वडाको एउटा बस्तीमा उद्यमशिलता प्रवर्द्धन गरिनेछ।

३. बिभिन्न क्षेत्रहरुमा आबश्यकताका आधारमा सिपमुलक तालिम संञ्चालन गरिनेछ।

४. स्वरोजगारीका अवसर सृजना गर्न युवाहरुलाई लक्षित गरी विभिन्न किसिमका व्यवसायिक तालिम सञ्चालन गर्ने कार्यलाइ निरन्तरता दिइ थप ब्यबस्थित गरिनेछ।

५. गाउँपालिका क्षेत्रभित्रका उद्यमीहरुले उत्पादन गरेका सामाग्रीहरुको बिक्री वितरणको लागी बजार ब्यवस्थापनमा जोड दिइने छ।

६. स्थानीय बस्तुको उपयोग गरी आयआर्जनमा टेवा पुऱ्याउने लक्ष्यका साथ विभिन्न सर–सामान बनाउने सम्बन्धि माग अनुसारको सिप विकास तालिमको व्यवस्था मिलाईनेछ ।

**४. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

३. सवै वडा कार्यलय तथा गाउँपालिका केन्द्र मा संचालन गरिएको राजश्व प्रशासनका लागि सफ्टवेयर प्रणाली लाइ थप प्रभावकारी वनाउन कर्मचारी क्षमता विकास तथा आवश्यक प्रविधिको सुदृढीकरण गरिनेछ।

४. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

५. गाउँपालिकाको राजस्व अभिवृद्धिमा टेवा पुर्याउन उद्योग वाणिज्य संघसँग समन्वय गर्ने नीति तय गरिनेछ ।

६. व्यवसाय करको दायरालाई विस्तार गर्न तथा सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउन दर्ता नभई अनौपचारिक रुपमा सञ्चालनमा रहेका सबै व्यवसायको अभिलेखीकरण गरिनेछ ।

७. स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार आगामी आ.व. को श्रावण १ गते देखी पहिलो चरणमा सरकारी सुविधा लिने सम्पुर्ण पालिका वासी लाइ सम्पति करको दायराभित्र ल्याई एकिकृत सम्पती कर लागू गरिनेछ साथै क्रमिक रुपमा सम्पूर्ण पालिकावासी लाइ एकिकृत सम्पति करको दायरा मा ल्याइनेछ। यो कर लागू गर्दा जग्गाको मुल्यांकन र दरलाइ सर्वसाधारण जनताको हितलाइ मध्यनजर गर्दै सर्वमान्य सिद्धान्तका आधारमा प्रगतिशिल ढाचामा निर्धारण गरिने कार्यलाई निरन्तरता दिईनेछ।

८. राजश्व संकलनलाई व्यवस्थित बनाउनको लागि प्रत्येक वडामा चौमासिक रुपमा घुम्ती शिविर संचालन गरिनेछ।

९. करदाता शिक्षा, सुचना संकलनमा शिक्षक तथा विद्यार्थि प्रयोग गर्ने, बढी कर तिर्नेलाई पुरस्कृत गर्ने, कर शिक्षा प्रदान गर्ने, कर संकलन लाइ गाउँपालिकाले प्रदान गर्ने सेवा संग आवद्ध गर्ने, जस्ता कार्यक्रम मार्फत सवै करदातालाइ प्रोत्साहन गरी करको दायरमा ल्याउन प्रयास गरिनेछ।

१०. गाउँपालिकामा संचालनमा रहेका सम्पुर्ण व्यवसाय र दलित, महिला तथा पिछ्डाडिएका वर्गले संचालन गरेका व्यवसाय दर्ता तथा नविकरणमा विशेष छुट तथा थप सुविधा प्रदान गर्ने निती लिइने छ।

११. करको दर भन्दा दायरालाइ प्रथमिकता दिइ सोही अनुसार करका नीतिहरु तय गरिनेछ। आगामी आर्थिक वर्षमा सम्भाव्यता अध्ययन गरी राजश्व परिचालनका थप स्रोतहरुको पहिचान गरिनेछ। आर्थिक वर्षको पहिलो ३ महिना भित्रमा तोकिएको कर भुक्तानी गर्ने करदातालाइ लाग्ने करमा २० प्रतिशत छुटको व्यवस्था मिलाइनेछ।

१२. नेपालको संविधान तथा स्थानीय सरकार संचालनज ऐन २०७४ अनुसार प्राप्त अधिकारको अधिनमा गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

१३. कर चुहावट नियन्त्रण गरी पालिकाको राजश्व संकलनमा अभिवृद्धी गर्ने उद्देश्यले राजश्व संकलनमा आवद्ध कर्मचारी तथा राजश्व चुहावट नियन्त्र गर्न सहयोग गर्ने नेपाल प्रहरी लगायत अन्य पक्षहरुलाइ कार्यसम्पादनको आधारमा प्रोत्साहन रकमको व्यवस्था गरिनेछ।

## ३. भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. वस्ति विकास, आवास, सडक पूर्वाधार तथा खानेपानी सम्बन्धी नीति

१. आवधिक योजना, एकिकृत वस्ति विकास योजनाको पूर्ण कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछ्डिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. गाउँपालिका भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना कार्यान्वयनमा ल्याइनेछ।

५. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि रणनितिक ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

६. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

७. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

८. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

९. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१०. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

११. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१२. एकिकृत बस्ती विकासका लागि गुरुयोजना बनाई सुविधा सम्पन्न बस्तीको विकास गरिने छ ।

**१३.** संघ तथा प्रदेश सरकार मातहतका खानेपानी डिभीजन समेतको सहयोगमा एक-घर एक-धारा कार्यक्रमलाई निरन्तरता दिई खानेपानीको सुविधाबाट बन्चित घर परिवारलाई क्रमशः खानेपानीको पहुँच बृद्धी गर्दै लगिने छ ।

१४. खानेपानी मुहान र आयोजनाहरुलाई ब्यवस्थित र दिगो रुपमा संचालन र ब्यवस्थापन गर्न NWASH APP मार्फत डाटा अध्यवधिक गर्ने र नयाँ आयोजनाको डाटा थप्ने ब्यवस्था मिलाईनेछ।

१५. आ.व. २०८१/८२ भित्र स्वच्छ खानेपानीको धारा निर्माणको कामलाई सम्पन्न गरी शतप्रतिशत घरधुरीमा स्वच्छ खानेपानी पुऱ्याईनेछ ।

१५. खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई प्लम्विङ्ग सम्बन्धि तालिमको व्यवस्था मिलाईनेछ ।

१६. बालबालिकाको सर्वाङ्गिण विकासका लागि हरेक गाउँबस्तिमा बाल उद्यान निर्माण गर्ने व्यवस्था मिलाईनेछ।

१७. पुर्वाधार विकास आयोजनामा दिगो विकासको रणनिती लिइनेछ । दैनिक रुपमा संचालित मुलसडकहरुलाई आवतजावतमा सहजिकरण गरिनेछ । अन्य शाखा कच्ची सडकहरुलाई आउने वर्ष पनि आवतजावतमा सहजिकरण गरिनेछ ।

१८. विभिन्न संघ र प्रदेशको कार्यालयहरुबाट निर्माण हुने र निर्माणाधीन सडकहरु आवातजावतमा सहजिकरण तथा दिगो निर्माणका लागि सम्बन्धित कार्यालयहरुलाई ध्यानाकर्षण गर्ने र यस कार्यालयबाट निर्माण कार्यको अनुगमन तथा सुपरिवेक्षणलाई निरन्तरता दिईनेछ ।

### ख. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. मोवाईल टेलिफोन नेटवर्कमा सुधार गर्न टेलीफोन टावर स्थापनाका लागि सेवा प्रदायकसँग समन्वय गरी गुणस्तर विकास गरिनेछ ।

२. सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न पालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने, Website का साथै social media हरु मार्फत सूचनाको व्यवस्था मिलाईने छ ।

३. मोवाईल एप तथा अनलाईन पोर्टल माफर्त घर घरबाट नै सेवा दिने कार्यलाई व्यवस्थित गरिनेछ ।

४. सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि सबै वडामा रहेका अनलाईन प्रणालीलाई अझ भरपर्दो र गुणस्तरीय प्रभावकारी बनाईने छ ।

५. कार्यालयका कर्मचारी र सेवाग्राहीको बीचमा प्रत्यक्ष भेटघाटको अन्त्य गरी भ्रष्टाचार जन्य गतिविधिको अन्त्यको बिभिन्न Payment Gateway मार्फत भुक्तानीको व्यवस्था मिलाईने छ । कर्मचारीहरुको ई - हाजिरि व्यवस्थापन प्रणाली प्रयोग गरि मुल्याङकन गर्ने विधिलाई अझ व्यवस्थित गरिनेछ।

६. जनताको सुसूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, जनतासँग अध्यक्षलगायतका कार्यक्रम, सार्वजनिक परीक्षण, कार्यालयबाट सम्पादित कार्यहरुको चौमासिक सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ।

७. पालिका वा सम्पूर्ण कार्यालयहरुमा डिजिटल प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता दिई स्वचालित बनाइने छ।

८. जननिर्वाचित प्रतिनिधि र कर्मचारीहरुलाई सूचना तथा संचार प्रविधि सम्वन्धी आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गरी सेवा प्रवाहमा छिटो छरितो चुस्त दुरुस्त, सेवामूखी र पारदर्शिता कायम गर्न बजेट विनियोजन गरी कर्यक्रम संचालन गरिनेछ ।

९. गाउँपालिका कार्यालय र मातहतका कार्यालयमा संचालनमा रहेका सफट्वेयरहरुको डाटा सुरक्षित र व्यवस्थित रुपमा स्टोर गर्न डाटा सेन्टर स्थापना गरिनेछ ।

## ५. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

### क. वन तथा वातावरण व्यवस्थापन नीति

१. जैविक विविधतालाई संरक्षण गर्ने उपायको खोजी तथा कार्यान्वयन गरिनेछ ।

२. सामुदायिक वन तथा पर्यापर्यटन प्रवर्द्धन गर्नका लागि विभिन्न गैह्रसरकारी संघ संस्थाहरुसंगको सहकार्य एवम् समन्वयमा कार्यक्रम संचालन गरिने छ ।

३. बन डढेलो व्यवस्थापनको लागि अग्निरेखा व्यवस्थापनमा जनताको सहभागिता अभिवृद्धि गर्नुको साथै बनमा डढेलो लगाउनेलाई कानून बमोजिम दण्डित गरी वन तथा वन पैदावर संरक्षणमा विशेष ध्यान दिइनेछ।

४. गाउँपालिका क्षेत्र भित्र रहेका वन हरियाली, सिमसार, पानीका मुहान खाली क्षेत्र र नदीको तटको उचित व्यवस्थापन गरिनेछ ।
५. सामुदायिक वन पैदावरको उत्पादन प्रशोधन र उपयोगको विषयमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधिकरणमा जोड दिइनेछ ।
६. वन पैदावरबाट उत्पादित वस्तुहरुको उद्योग दुना, टपरी तथा काष्ठकला निर्माणमा जोड दिइनेछ ।
७. सामुदायिक वन उपभोक्ता समूहलाई विभिन्न संघसंस्थासंगको सहकार्यमा वन कार्ययोजना निमार्ण गरी वन वन क्षेत्रको बढदो अतिक्रमण रोकि वन जंगगलको दीगो संरक्षण तथा संबर्धनमा जोड दिइनेछ ।
८. प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरु वृक्षारोपण, सुधारिएको चुलो, वायोग्याँस निर्माण, सौर्य उर्जा, लगायत कार्वन उत्सर्जन घटाउने नविनतम कार्यक्रमहरु संचालन गरिनेछ।
९. वन तथा खुला क्षेत्रमा बढ्दो क्रममा फैलिएको मिचाहा वनस्पतिहरुको रोकथाम तथा निर्मूल गर्नको लागि उपयुक्त कार्यक्रम संचालन गरिनेछ।
१०. गाउँपालिकाभित्र रहेका जडिबुटी लगायत अन्य रैथाने बोटबिरुवाका विषयमा वैज्ञानिक अनुसन्धान कार्य बिभिन्न संघ संस्थाहरुको सहकार्यमा अगाडि बढाउनको लागि पहल गरिनेछ।

## ख. विपद व्यवस्थापन सम्बन्धी नीति

१. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन तथा विपद रोकथाम तथा न्युनिकरणका लागि पुर्वतयारी, प्रतिकार्य र पुनर्लाभिका कार्यक्रम सञ्चालन गर्न प्रत्येक वडामा उद्धार स्वयंमसेवकको गठन गर्न आवश्यक बजेटको व्यावस्था गरिनेछ ।
२. स्थानीय तहमा गठन भएका विपद व्यवस्थापन समिति, गाउँपालिका, निजि क्षेत्र शैक्षिक सस्था, समूह समितिहरुको विपद जोखिम व्यवस्थापनमा भईरहेका प्रयासहरु र भावी दिनमा गर्नुपर्ने कार्यका बारेमा नियमित छलफल बैठक गरिने छ यसका लागि स्थानीय तहमा विषयगत समितिलाई जिम्मेवार बनाईनेछ ।
३. बिगत देखि अस्तित्वमा रहेका प्रकोप र सिर्जित हुन सक्ने प्रकोपका बारेमा नियमित अनुगमन र जानकारी सबैलाई प्रदान गरीने छ ।
४. स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र निर्माण कार्यको शुरुवात गरिनेछ।
५. विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्ययोजना तय गरी लागू गर्ने नीति अवलम्बन गरिनेछ।
६. विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

७. विपद् व्यवस्थापन कोषको वृद्धिको लागि सार्वजनिक निजि र गैरसकारी संस्थाहरु संग समन्वय गरिने छ। विपद्को अवस्थामा तत्काल उद्धार तथा सुरक्षित वासस्थानको पहिचान र व्यवस्थाको लागि वजेटको व्यवस्था गरिने छ ।

८. विपदबाट उत्पन्न हुनसक्ने असहज पस्थितिको तत्काल सम्बोधन गर्न गाउँपालिकामा Rapid Response Team को गठन तथा परिचालन गरिनेछ।

९. गाउँपालिका विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

१०. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ।

## ग. जलवायु परिवर्तन अनुकूलन नीतिः

१. एक वडा एक पोखरी, एक वडा एक पार्क, एक वडा एक वालवाटिका निर्माण गर्ने कार्यलाई निरन्तर रुपमा कार्यान्वयनमा ल्याईने छ ।

२. गाउँपालिका क्षेत्र भित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

४. खानेपानि मूल दर्ता / खानेपनीको शुद्धता परिक्षणको व्यवस्था गरिनेछ।

५. जलवायु परिवर्तनले स्थानीय तहमा पारेको नकारात्मक प्रभाबको समुचित अनुकूलनको उपायका बारेमा सम्वन्धित साझेदार संस्थगाहरु संगको समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

६. जैविक विविधताको संरक्षण बारे चेतना अभिवृद्धि गर्न विभिन्न जनचेतनामुलक अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

**गाउँसभाका उपाध्यक्षज्यू**

**गाउँसभा सदस्यज्यूहरु,**

अन्तमा यिनै मुख्य नीति तथा कार्यक्रमहरु आगामीवर्ष कार्यन्वयन गर्ने गरी यस पछि यस गाउँपालिकाका उपाध्यक्ष श्री उषादेवी कार्की ज्यूले गोकुगंगा गाउँपालिकाको आगामी आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रम तथा बजेट यस गरिमामय गाउँसभाको १५ औं अधिवेशनमा पेश गर्नु हुने हुँदा यस नीति तथा कार्यक्रमलाई तदारुकताको साथ कार्यान्वयन गर्न आवश्यक समन्वय, सहयोग र सहजिकरण गरि दिनुहुन सबै जनप्रतिनिधि, कर्मचारी, राजनितिक दल, गैर सरकारी संघ सस्था, बुद्धिजिवी, शिक्षाविद्, सामाजसेवी, नागरीक सामाज, संचारकर्मी, सुरक्षाकर्मी, लगायत सम्पूर्ण सरोकारवाला निकाय र गोकुलगंगा बासी सम्पूर्ण आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरु सबैमा हार्दिक अनुरोध गर्दै यो नीति तथा कार्यक्रम निमार्णमा आफ्ना अमुल्य सुझाव प्रदान गर्नु हुने सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दै यस नीति तथा कार्यक्रम निमार्णमा सहयोग पुऱ्याउनु हुने उपाध्यक्ष लगायतका सम्पूर्ण जनप्रतिनिधी ज्यूहरु एवम् प्रमुख प्रशासकीय अधिकृत लगाएतका यस गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा समेत सरोकारवाला सबैबाट निरन्तर सहयोग प्राप्त भई रहने विश्वास व्यक्त गर्दछु । धन्यवाद ।

**जय नेपाल, जय गोकुलगंगा ।**

काजी बहादुर खड्का (दिनेश)

अध्यक्ष

गोकुलगंगा गाउँपालिका, रामेछाप ।